# प्रेस विज्ञप्ति- ३२८

# Press Release- 328

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ।
मिति: २०८०।०२।१४ गते।

## अवैध लागु औषध खैरो हेरोईन कारोबार गर्ने नेटवर्कको गिरोह सहित ६ जना ब्यक्तिहरु पक्राउ:

काठमाण्डौ उपत्यकामा लागु औषध खैरो हेरोईनकोअबैध कारोवार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा यस व्यूरोबाट खटिएको प्रहरी टोलीले निम्न मिति, समय र स्थानबाट अवैध लागु औषध खैरो हेरोईन कारोबार गर्ने नेटवर्कको गिरोहमा संलग्न निम्नानुसारका ब्यक्तिहरुलाई लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ र झापा जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको।

**क) <u>लागु औषध खैरो हेरोईन तर्फ : ३१२ ग्राम, ५४० मिलिग्रामसहित ६ जना ब्यक्तिहरु पक्राउ :-</u>**

१) मिति २०८०।०२।०९ गते जिल्ला काठमाण्डौका.म.न.पा. वडा न. ६बौद्ध टुसाल स्थितएक होटेलको कोठा नं. १०३ बाट लागु औषध खैरो हेरोईन २० ग्राम, डिटजिटल तराजु १ थान र नेपाली रुपैया नगद रु. ७,४०,०००/- सहित जिल्ला झापा, बिर्तामोड नं.पा. वडा नं. ६ बस्ने बर्ष २७ को **किरण कन्दङ्वा** पक्राउपरेको।

**अनुसन्धानको सिलसीलामा निजको कारोबारको नेटवर्क पहिल्याउने क्रममा,**

२) मिति २०८०।०२।११ गते जिल्ला काठमाण्डौ का.म.न.पा. वडा न. ९, शम्भु मार्गस्थीत सडक किनारबाट लागु औषध खैरो हेरोईन ९४ ग्राम सहित जिल्ला झापा, बिर्तामोड न.पा. वाड नं. ४ बस्ने बर्ष २८ को बिजय लिम्बु पक्राउ परेको।

३) मिति २०८०।०२।११ गते बेलुकी १८:०० बजेको समयमा जिल्ला झापा,चन्द्रगढी न.पा. वडा नं. ८ स्थित सडक किनारबाट जिल्ला झापा मेची न.पा. वडा नं ८ बस्ने वर्ष २९ को राम भन्ने माधब मेचे र जिल्ला झापा बिर्तामोड न.पा. वडा नं ४ बस्ने बिनोद लिम्बु पक्राउ गरी यस कार्यालयमा थप अनुसन्धान भई रहेको।

४) मिति २०८०।०२।१२ गते जिल्ला झापा,भद्रपुर न.पा. वडा नं. ८ सडक किनारबाट लागु औषध खैरो हेरोईन १९४ ग्राम ५४० मिलिग्राम सहित भारत पश्चिम बंगाल दार्जलिङ जिल्ला सोनापिन्टी स्थायी ठेगाना भएका बर्ष २२ को **शिब घोष** र ऐ.ऐ. स्थायी ठेगाना भएकी बर्ष २६ की **श्यामली सोरेन** समेतलाई पक्राउ गरी थप अनुसन्धानको लागी जिल्ला प्रहारी कार्यालय झापामा बुझाईएको।

**( यस कारवाहीमा STEP IN OPERATIONमार्फत नेपालीलाई लागु औषध खैरो हेरोईन उपलब्ध गराउने मुख्य व्यक्ती भारतिय नागरिकहरु समेतलाई पक्राउ गरी कानूनी दायरामा ल्याएको)**

**ख) लागु औषध चरेस: ३किलो६००ग्रामसहित १ जना नेपाली नागरीक पक्राउ:-**

१) मिति २०८०।०२।११ गते का.जि.का.म.न.पा. वडा नं. ९ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट प्रस्थान तर्फको गेटभईथाई लाईन एयरवेजको उडान मार्फत थाईल्याण्ड जान लागेकाजिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा. वडा नं. ५ स्थाथी ठेगाना भएका राहदानी नं. PA0844137 बाहक बर्ष ४२ को **तेम्बा शेर्पाको** शरिर तथा ह्याण्ड ब्याग चेकजांच गर्ने क्रममा त्रि.अ.वि. सुरक्षा गार्ड र ला.औ.नि. ब्यूरो त्रिभुबन बिमानस्थल शाखाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले लागु औषध चरेश ३ के.जि. ६०० ग्राम सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको ।

**नोट:-**

**खैरो हेरोईन प्रति १ ग्रामकोअवैध बजार मुल्य अंन्दाजी रु. १०,०००।– को दरले ३१२.५४० ग्रामको रु. ३१,२५,४००।–**

**लागु औषध चरेस प्रति १ किलोग्रामको अवैध बजार मुल्य अंन्दाजीरू. ५५,०००।– को दरले ३ के.जी. ६०० ग्रामको रु. १,९८,०००।–**

**प्रतिबादीहरुको साथबाट बरामद भएको लागु औषधको अवैध बजार मुल्य अंन्दाजी जम्मा रू. ३३,२३,४००।- रहेको ।**











**प्रवक्ता/ सूचना अधिकारी**
**(चक्रराज जोशी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्वर : ९८५११३२७४३**